अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः ४, गोरखा, असार १२ गते २०८२ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिका नगर प्रहरी ऐन, २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ।

# नगर प्रहरी ऐन, २०८२

# अजिरकोट गाउँपालिका

## नगर प्रहरी ऐन, २०८२

## अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## भच्चेक, गोरखा

## गण्डकी प्रदेश, नेपाल

## २०८२

# नगर प्रहरी ऐन, २०८२

**प्रस्तावनाः** अजिरकोट गाउँपालिका भरि सार्वजनिक सम्पतीको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई शान्ति सुव्यवस्था कायम राख्न, न्यायिक समितिबाट भएका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्न, गाउँकार्यपालिकाबाट भएका राजस्व कर र दस्तुर असुली लगायतका निर्णय कार्यान्वयन गर्न गाउँपालिकाको आफनै गाउँ प्रहरी संगठन स्थापना र संचालन गर्न बान्छननीय भएकोले नेपालको संबिधान अनुसूची ८ (१) र धारा २२६ (१) द्वारा प्रदत्त अधिकारको प्रयोग गरि अजिरकोट गाउँपालिकाको गाउँसभाले अजिरकोट गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन तथा ब्यवस्थापन गर्न यो ऐन जारी गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नामः** यस ऐनको नाम "अजिरकोट गाउँपालिका नगर प्रहरी ऐन, २०८२" रहेको छ

**२. विस्तार र प्रारम्भः** यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

३. परिभाषा : विषय र प्रसङ्गले अर्को आर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले अजिरकोट गाउँपालिका नगर प्रहरी ऐन २०८२ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ। (ङ) “नगर प्रहरी” भन्नाले यस ऐन अन्तर्गत अजिरकोट गाउँपालिकामा नियुक्त गरिएका गाउँ प्रहरी कर्मचारीलाई सम्झनुपर्छ।

## परिच्छेद - २
## नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

**३.नगर प्रहरीको गठन :** (१) यस ऐन वमोजिम गाउँपालिकामा एक गाउँ प्रहरीको गठन गरिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगर प्रहरीको गठन र त्यसमा रहने संख्याको निर्धारण तोकिएबमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम गठन भएका नगर प्रहरीका सवै पद करार सेवामा हुनेछन।

**४. नगर प्रहरी सेवाको रेखदेख र नियन्त्रणः** (१) गाउँपालिकामा गठन हुने नगर प्रहरी सेवामा रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

## परिच्छेद - ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः**

(१) नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किंग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन,

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा,

(ज) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्थापना,

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण, (ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) गाउँपालिकामा मदिरा नियन्त्रण

(२) नगर प्रहरीका काम कर्तव्य र अधिकार उपदफा (१) का अतिरिक्त तोकिएबमोजिम हुनेछन ।

## परिच्छेद - ४
## दरबन्दी सृजना र पदपूर्ति

### ६. नगर प्रहरीको दरवन्दी सृजनाः

(१) गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी सम्बन्धी कार्य गाउँकार्यपालिकाले गर्नेछ ।

(२) नगर प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ ।

(३) दरबन्दी सिर्जना गर्दा समावेशीतालाई समेत ध्यान दिनुपर्नेछ ।

**७. नगर प्रहरीमा रहने पदहरुः** (१) नगर प्रहरीमा देहाबमोजिमका पदहरु रहनेछन ।

(क) नगर प्रहरी सहायक निरिक्षक

(ख) नगर प्रहरी हवल्दार

(ग) नगर प्रहरी जवान

**८. पदपुर्ति समितिको गठनः** (१) गाउँ कार्यपालिकाको वैठकले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीको संयोजकत्वमा नगर प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ। तर गाउँपालिका स्थानीय सेवा ऐनमा रहेको पदपूर्ती समिति कृयाशिल भएमा सोही समितिले नै नगर प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ ।

**९. नगर प्रहरीको आवश्यक योग्यताः**

(१) नगर प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी सहायक निरिक्षकः यस पदको लागि कुनै विषयमा प्रमाणपत्र तह वा बाह्र कक्षा उर्तिण गरी १८ वर्ष पूरा भई ४० वर्ष उमेर ननाघेको ।

(ख) नगर प्रहरी तेस्रो तह (हवल्दार) का लागिः कुनै विषयमा माध्यमिक शिक्षा उत्तिर्ण गरी १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

(ग) नगर प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(२) दफा ७ को उपदफा १ (क, ख र ग) बमोजिमका गाउँ प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछन ।

**१०. विज्ञापन र परीक्षा सम्बन्धी व्यवस्थाः** नगर प्रहरीको भर्नाको लागि विज्ञापन र परीक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## सजाय र पुनरावेदन

**११. सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ।

क. नसिहत दिने।

ख. तलब बृद्धि रोक्का गर्ने।

ग. तल्लो तहमा घटुवा गर्ने

घ.लापरवाही गरी गाउँपालिकलाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गरिने,

ङ. भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने

च. भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने

**१२. नसिहत दिनेः**

(१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी  सेवाबाट हटाईने छ।

**१३. तलब वा वढुवा रोक्ने**: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गने अधिकारीको निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ।

**१४. तह र तलब घटाउनेः**

(१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ।

क. सन्तोषजन काम नगरेमा

ख. अनुशासनहिनता गरेमा

ग. आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा

घ. गाउँपालिकाले दिएको आदेश निर्देश नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ. मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा

च. तोकिए बमोजिमको जिम्मेवारीमा लापरर्वाही गरेमा वा पुरा नगरेमा

**१५. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः**

(१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ।

(क) अयोग्यताको कारण आफनो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा

(ग) बारम्बार अनुशासनहीन काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा

(च) प्रचलित कानुन बमोजिम भ्रष्ट्राचाराजन्य कसुर गरेमा

(छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा

(च) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

**१६. सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ। त्यस्तो सफाई पेश गर्न आदेश दिँदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ। त्यस्तो नगर प्रहरी कर्मचारीलाइ सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफनो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ। तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव

भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुरयाउनु पर्नेछ ।

**१७. पुनरावेदन लाग्नेः** दफा १२ बमोजिमको कारबाहीमा चित्त नबुझेमा पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेदः ६

## तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था

### १८. पारिश्रमिक, बिदा तथा अन्य सुविधाः

(१) नगर प्रहरीको पारिश्रमिक समय समयमा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) बिदा तथा अन्य सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार एक पटकमा ६(छ) महिना नबढने गरी थप हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोष जनक नरहेको गाउँ प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

## परिच्छेदः ७

## पोशाक र दर्ज्यानी चिन्ह

### १९. पोशाक र चिन्हः

गाउँ प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेदः ८
## विविध

**२०.तालिमः**

(१) छनौट भएका गाउँ प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पुर्व नेपाल प्रहरीसँगको समन्वयमा न्युनतम सात दिनको आधारभुत तालिम प्रदान गर्नुपर्नेछ ।

**२१.पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई गाउँपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

**२२.कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले गाउँ प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

**२३. नियम तथा कार्यविधि बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

**२४. खारेजी र बचाउः** १) यो ऐन संविधान तथा संघीय र प्रदेशको कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म बदर हुनेछ।

**आज्ञाले**

**रचना बुढाथोकी**

**प्रमुख प्रशासकीय अधिकृत**